नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

## सिंहदरबार, काठमण्डौं

(स्थानीय तह समन्वय शाखा)

प.स. : ०७८।७९

च.न.: ३४३

२०७८।११।१३

श्री गाउँपालिका, सबै।

श्री नगरपालिका, सबै।

विषयः स्थानीय तहका कर्मचारीको वृति विकास सम्बन्धमा।

साविकका गाउँ विकास समिति, नगरपालिका तथा जिल्ला विकास समितिको कार्यालयमा कार्यरत रही स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा कर्मचारी समायोजन ऐन, २०७५ बमोजिम स्थानीय तहमा स्वत समायोजन भएका तथा समायोजन भएका कर्मचारीको वृति विकासका सम्बन्धमा कर्मचारी सम्बद्ध ट्रेड युनियनबाट मन्त्रालयमा ज्ञापन पत्र तथा माग प्रस्तुत भएका छन्।

यस सन्दर्भमा, मन्त्रालयबाट कार्यदल निर्माण गरी छलफल तथा अन्तरक्रिया गर्ने, विभिन्न विकल्पमा नेपाल सरकारका विषयगत मन्त्रालयसँग राय तथा परामर्श लिने काम भएको छ। यस विषयमा नेपाल सरकार तथा यस मन्त्रालयबाट हालसम्म कुनै निर्णय नभएकोले मन्त्रालयको राय परामर्शमा रहेको दस्तावेजबाट कुनै निर्णय नगर्नु, नगराउनु हुन निर्णयनुसार अनुरोध छ।

..........................

(जनकराज शर्मा)

शाखा अधिकृत

**बोधार्थः**

श्री जिल्ला समन्वय समितिको कार्यालय, (सबै):आवश्यक कार्यर्थ।

श्री सूचना तथा प्रबिधि शाखाः पत्र website राख्ने व्यवस्था हुन।